# प्रदेश सभा
# सार्वजनिक लेखा समिति
# बागमती प्रदेश
# हेटौडा, मकवानपुर, नेपाल

सार्वजनिक लेखा समितिको मिति २०७७/०१/२९ गते (बिहान ११:०० बजे) को ३८ औं बैठक अन्तर्गत आर्थिक मामिला तथा योजना मन्त्रालयसँग सम्बन्धित महालेखापरीक्षकको बार्षिक प्रतिवेदन २०७५ ले औंल्याएको बेरुजू उपर दफावार छलफल गरी देहाय अनुसार गर्ने निर्णय गरियो।

क) स्वीकृत वार्षिक बजेट बमोजिमका कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा वार्षिक कार्यक्रममा उल्लेख भए बमोजिमका प्रदेश गौरवका आयोजनाको अध्ययन र पहिचान, आवधिक योजना तर्जुमा र प्रकाशन, अनुगमन तथा मूल्याङ्कन निर्देशिका निर्माण एवं सवारी साधन खरिद र सार्वजनिक खर्च सम्बन्धी कार्यविधि र मापदण्ड निर्माण लगायतका कार्य कार्यान्वयन नभएकोमा सो सम्बन्धमा बाँकी काम यथासक्य छिटो सम्पन्न गरी समितिलाई जानकारी गराउन निर्देशन दिने।

ख) मन्त्रालयले सम्पादन गर्नुपर्ने काम यथासक्य छिटो सम्पादन गरी यस समितिलाई जानकारी गराउन निर्देशन दिने।

ग) स्वीकृत दरबन्दी अनुसार स्थायी पदपूर्ति गराई कार्यसञ्चालन गरी तत् सम्बन्धी भएको प्रगति यस समितिलाई जानकारी गराउन निर्देशन दिने।

घ) मन्त्रालयहरुले कार्यालय सामान अन्तर्गत फर्निचर, सवारी साधन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन लगायतका सामान सोझै खरिद र क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइएकाले सो सम्बन्धमा अध्ययन गर्न एक उपसमिति गठन गरी, उपसमितिको प्रतिवेदनका आधारमा समितिले आवश्यक निर्णय गर्ने।

ङ) मन्त्रालयले उपलबध गराउने सेवा प्रवाह चुस्त र भरपर्दो गर्ने उद्देश्य अनुरुप आवश्यक नीति, मापदण्ड एवं कार्यविधि निर्माणको काम बाँकी रहेकोले मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गर्न निर्देशन दिने।

च) आन्तरिक नियन्त्रण व्यवस्थापन तर्फ मन्त्रालयको कामको प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाएर कार्यान्वयनको अवस्थाको सम्बन्धमा समितिलाई जानकारी गराउन निर्देशन दिने।

छ) मन्त्रालयले प्रदेश सरकारबाट सिर्जित आर्थिक दायित्व तथा नेपाल सरकारबाट सम्झौता तथा निर्णय भई हस्तान्तरण भई आएका वा प्रदेश सरकारबाट राजस्व छुट दिन प्रतिबद्धता जनाएइको रकमको ब्यहोरा देखिने गरी लेखा तथा सोको अभिलेख राख्न निर्देशन दिने।

ज) वित्तिय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्ने प्रदेश सरकारको दायित्व अनुरुप सार्वजनिक वित्तीय व्यवस्थापन प्रभावकारी बनाउन निर्देशन दिने।

झ) सैद्धान्तिक र प्रक्रियागत बेरुजू फछ्यौंटको स्थिति यथासक्य छिटो यस समितिलाई जानकारी गराउन निर्देशन दिने।